# प्रतिबन्धित र दर्ताबिनाका औषधिको कारोबार



♦ हाम्रोमत संवाददाता

*विर्तामोड, ४ फागुन*

नेपालमा प्रतिबन्धित र दर्ता नभएका भारतीय विभिन्न कम्पनीका औषधि तस्करीको माध्यमबाट नेपाल भित्रिने क्रम रोकिएको छैन।

विशेषगरी दक्षिणी झापाको कचनकवल, बाह्रदशी र झापा गाउँपालिकासँग जोडिएका सीमा नाकाबाट तस्करले प्रतिबन्धित र दर्ता नभएका भारतीय औषधि नेपाली बजारसम्म ल्याउने गरेका छन्।

जिल्ला प्रहरी कार्यालय झापा मातहत रहेका कचनकवल १ स्थित अस्थायी प्रहरी चौकी कुट्टीबाट खटिएका गस्ती टोलीले मंगलबार करिब ८ लाख ४१ हजार ३९७ रुपैयाँ बराबरको औषधि बरामद गरेसको छ। भारतबाट नेपालतर्फ आउँदै गरेका दुईजना पुरुष बोरा बोकेर शङ्कास्पद तवरले पैदल हिँडिरहेको अवस्थामा प्रहरीलाई देख्नासाथ उनीहरूले प्लास्टिकका बोरा छाडेर भागेका थिए।

बोरा खोलेर हेर्दा भारतीय विभिन्न ब्रान्डका औषधि बरामद गरिएको प्रहरी कार्यालय झापाका डिएसपी वसन्त पाठकले जानकारी दिए। बरामद औषधिमा ट्रामोल क्याप्सुल १४६० पत्ता, मेनिफोरस ट्याब्लेट १२० पत्ता, मोन्टास एल १५२ पत्ता, क्युरवेल २१० पत्ता, ल्यावडिक रिलिफल जेल ५५ पत्ता, पेजोम डी ट्याब्लेट ४८० पत्ता, एसिलोफेल्म ८० पत्ता, गुड हेल्थ ४४३ पिस, जेडसी टायब्लेट १०० पत्ता, रिलिफ ट्याब्लेट ८८ पत्ता, फेक्जोबल ट्याब्लेट ८० पत्ता, भाइवेल २०० पत्ता, मोटीवक एलसी २६० पत्ता, भोविसन १०० पत्ता, रेन मक्स १५० पत्ता, इन्ट्रावक ५० पत्ता, जी गोल्ड २० पत्ता छन्।

बरामद औषधिलाई आवश्यक कारबाहीका लागि औषधि व्यवस्था विभाग विराटनगर पठाउने डिएसपी पाठकले बताए। प्रहरीले बरामद गरिएका औषधि नेपालमा प्रतिबन्धितदेखि दर्ता नभएका भएको बताइएको छ।

ट्रामोल क्याप्सुल नेपालमा प्रतिबन्धित हो भने अन्य औषधि मल्टिभिटामिन, दाद, छाला, खोकी, पेनकिलर नेपालमा दर्ता नभएको औषधि व्यवस्था विभागले जनाएको छ। बरामद गरिएका औषधिमा यौनवर्द्धक औषधि पनि छन्।

खुला सीमा नाकाको फाइदा उठाउँदै नाम चलेका औषधि पसलले यसरी भारतबाट तस्करीको माध्यमबाट नेपाल भित्र्याउने गरेका छन्। नेपालमा १० रुपैयाँ पर्ने औषधि भारतमा एक रुपैयाँमा पाइने व्यवसायीहरु बताउँछन्।

## प्रदेश १ मा बन्दको प्रभाव न्यून

विराटनगर, ४ फागुन (हाम्रोमत)- एमसीसी सम्झौता संसद्मा टेबुल गर्न नहुने माग राखेर विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसहितका राजनीतिक दलहरुले बुधबार आब्हान गरेको नेपाल बन्दको प्रभाव  प्रदेश १ मा न्युन परेको छ।

विप्लब नेतृत्वको नेकपासहित नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जन गणतान्त्रिक मोर्चा, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी र नेकपा माओवादी केन्द्र समाजवादीले बन्द आह्वान गरेका थिए।

बिहानैबाट विराटनगर, धरान, इटहरी, दमक, बिर्तामोडबाट लामो तथा छोटो दुरीका सावरी साधनहरू निर्बाध रूपमा चलेका थिए। बन्दको कारण शैक्षिक संस्थाहरू हुने खुल्न सकेनन्। बजार तथा पसलहरू नियमित झैँ खुला रहे।

बन्दकर्ता सडकमा नदेखिएकाले पनि प्रभाब नपरेको हो। बिहान त्रासको कारण सवारी साधन पातलो भएपनि दिउँसोबाट नियमित यातायातका साधन संचालन भएको प्रहरीले जनाएको छ।

एमसीसी सम्झौता संसद्मा टेबुल गर्न नहुने माग राखेर बन्द गराउन खोज्ने चार जना बन्दकर्तालाई झापा प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका एक जना र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका तीन जना रहेको झापा प्रहरीका प्रवक्ता डिएसपी वसन्त पाठकले बताए।

कनकाईको दुर्गापुरबाट वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका तीन जना र काँकडभिट्टाको काली खोलाबाट विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका एक कार्यकर्ता पक्राउ परेको प्रहरीले जनाएको छ।

## प्रदेश १ मा ११६ संक्रमित थपिए

विराटनगर, ४ फागुन (हाम्रोमत)- प्रदेश १ मा पछिल्लो २४ घण्टामा ११६ जनामा कोरोना संक्रमण भएको छ। ४५२ जनाको पीसीआर परीक्षण गर्दा ६६ र ३५१ जनाको एन्टिजेन परीक्षण गर्दा ५० जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा मोरङमा २७, झापामा १५, सुनसरीमा १३, इलाम र तेह्रथुममा २-२, संखुवासभामा १ र प्रदेश १ बाहिरका ६ जनामा संक्रमण देखिएको हो।

मोरङको विराटनगरमा ८, बुढीगंगामा ७, सुन्दरहरैचामा ४, उर्लाबारीमा २, जहदा, कानेपोखरी, बेलबारी, केराबारी, कटहरी र लेटाङमा १-१, झापाको विर्तामोडमा ३, शिवसताक्षी, मेचीनगर, भद्रपुर र दमकमा २-२, कनकाई, हल्दिबारी, गौरीगञ्ज र कमल गाउँपालिकामा १-१ जना संक्रमित फेला परेका हुन्। यस्तै, सुनसरीको इटहरीमा ७, इनरुवामा ३, भोक्राहानरसिंह, बराहक्षेत्र र स्थानीयतह नखुलेका १-१, इलामको माई र स्थानीय तह नखुलेका १-१, तेह्रथुमको आठराई र स्थानीय तह नखुलेका १-१, संखुवासभाको धर्मदेवीमा १ र प्रदेश १ बाहिरका ६ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ।

प्रदेश १ मा आज १०५ जना कोरोना संक्रमणमुक्त भएका छन्। संक्रमणमुक्त हुनेमा ५१ महिला र ५४ पुरुष रहेका छन्। सक्रिय संक्रमितको संख्या १ हजार ४१६ रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

## बास्केटवल प्रतियोगिता हुने



♦ हाम्रोमत संवाददाता

*धरान, ४ फागुन*

सुनसरीको धरान १५ स्थित होलिल्याण्ड स्कूलले अन्तरविद्यालय महिला पुरुष थ्री बाई थ्री बास्केटवल प्रतियोगिता आयोजना गर्ने भएको छ।

स्कुलले फागुन ७ र ८ गते प्रतियोगिता आयोजना गर्ने जानकारी पत्रकार सम्मेलनमार्फत दिएको हो।

प्रतियोगिता स्कुलको बास्केटवल कोर्टमा हुनेछ। स्कुलका प्रिन्सिपल राजकुमार लिम्बुका अनुसार कोरोना संक्रमणको कारण लामो समय विद्यालय बन्द भएको र विद्यार्थीहरुले पनि मानसिक तनाव भोग्नु परेकोले रिफ्रेसको लागि प्रतियोतिगा आयोजना गरिएको हो।

प्रतियोगिताले विद्यालयहरुबीच आपसी सम्बन्ध र भाईचारा विकास गर्न मद्दत पुग्ने र विद्यार्थीहरुलाई पनि कोरोनाको मानसिक तनावबाट मुक्ति मिल्ने उनले बताए। विद्यालय स्थापनाको २५ औं बर्ष पुरा गरेको अवसरमा वृहत कार्यक्रम गर्ने योजना बनाएपनि कोरोनाको कारण सम्भव नभएको प्रिन्सिपल लिम्बुले बताए।

प्रतियोगिताका संयोजक एवं बास्केटवल खेलाडी नविन राईले धरान र आसपासको क्षेत्रबाट महिलातर्फ ९ टिम र पुरुषतर्फ १२ टिम सहभागी हुने जानकारी दिए। महिला र पुरुष दुबै विधाका विजेताले मेडल, प्रमाणपत्रसँगै नगद ५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्।






## समाजवादी प्रेस संगठनमा पोखरेल

विराटनगर, ४ फागुन (हाम्रोमत)- समाजवादी प्रेस संगठन प्रदेश १ को अध्यक्षमा बन्धु पोखरेल चयन भएका छन्।

विराटनगरमा बुधबार भएको समाजवादी प्रेस संगठन नेपाल प्रदेश १ को पहिलो भेलाले उध्यक्षमा राजेन्द्र पोखरेल, ज्ञानु घिमिरे, सचिब भोला श्रेष्ठ, सहसचिब राजकुमार दाहाल, राजकुमार खात, सुखिलाल चौधरी, कोषाध्यक्ष रंगीता गजमेर रहेका छन्। सदस्यहरू अनिता भट्टराई, जय राई, शान्तिराम नेपाल, पप्पु यादव, मुस्ताक आलम स्वर्णिमहाङ फोम्बो, किशोर उपरकोटी, रविन्द्र चौधरी, खेम दाहाल रहेका छन्।

मोरङको अध्यक्षमा ध्रुव भट्टराई रहेका छन्। यस्तै उपाध्यक्षमा सन्तोष राजवंशी, सचिब उत्तम पोखरेल रहेका छन्। सहसचिबमा मिलन अधिकारी, कोषाध्यक्ष छविराज ढकाल, कोषाध्यक्ष विमला रेग्मी रहेका छन्। सदस्यहरूमा टिकाप्रसाद गौतम, प्रदीप काफ्ले, कविता कोइराला, यसोदा कार्कीलगायत रहेका छन्।






## पहिलो पृष्ठबाट बाँकी

### अन्यत्र...

मंसिर २८ मा पहिलो पटक नोवेल कलेज प्रशासनलाई ज्ञापन बुझाएका विद्यार्थीले प्रदेश सरकार, जिल्ला प्रशासन गुहार्दै अतिरिक्त शुल्कको बोझ हटाइदिन माग गरेका थिए।

सरकारी निकायले नोवेललाई विद्यार्थीबाट कुनै पनि बहानामा अतिरिक्त शुल्क नलिन निर्देशन दिएको छ। सरकारी निर्देशन पालना गरेको बताउने नोवेलले कलेजमा भने विद्यार्थीलाई अतिरिक्त शुल्क बुझाउन निरन्तर ताकेता गरिरहेको थियो। त्यो शुल्क नबुझाउने विद्यार्थी र अभिभावकको अडान थियो।

पुस ७ देखि कक्षा सुरु भएकोमा अतिरिक्त शुल्क नबुझाउने विद्यार्थीलाई नोवेलले कक्षा प्रवेश गर्नै दिएन। जिल्ला प्रशासन कार्यालय मोरङले विद्यार्थीलाई कक्षामा प्रवेश दिन निर्देशन दिएपछि  पुस ११, १२ र १३ गते सबै विद्यार्थीले कक्षा लिए। तर, पुस १४ मा कक्षा चलिरहेका बेला कलेज प्रशासनले अतिरिक्त शुल्क नबुझाउने सबै विद्यार्थीलाई पढ्दै गरेको बेला कक्षाबाटै बाहिर निकाल्यो।

त्यही दिनदेखि नोवेलमा आन्दोलन सुरु भयो। काठमाडौं विश्वविद्यालयलाई १४ लाख ७८ हजार ६ सय ७५ रुपैयाँ बुझाएर नोवेलमा भर्ना भइसकेपछि कक्षाबाट बाहिरिन बाध्य पारेपछि विद्यार्थी र अभिभावक संघर्षमा होमिएका थिए। नोवेलले छात्रवृत्तिमा पढिरहेका र भारतीय विद्यार्थीलाई मात्रै राखेर कक्षा अघि बढाएपछि विद्यार्थी आन्दोलित भए। उनीहरुलाई विद्यार्थी संगठनहरुले साथ दिए। यसक्रममा नोवेलमा बारम्बार झडप हुने र तोडफोडसमेत भएको छ।

आन्दोलन गरेर कलेजलाई ठूलो ‘क्षति पुर्‍याएको’ भन्दै कलेजले आफू र आफ्ना अभिभावकलाई धम्क्याएको आरोप विद्यार्थीको छ। ‘हामीलाई व्यक्तिगत रुपमा जे पनि हुनसक्ने धम्की दिइएको छ, अभिभावकलाई पनि त्यसै भनिएको छ,’ विद्यार्थीहरु भन्छन् ‘यस्तो अवस्थामा कसरी नोवेल गएर पढ्न सकिन्छ ? त्यसैले कुनै सरकारी कलेजमा हाम्रो सरुवा गरेर पढ्ने वातावरण बनाइदिनु पर्‍यो।’

डा. सुनिल शर्मा संचालक रहेको नोबेलबाट अर्को निजी कलेजमा जाँदा असुरक्षा उस्तै हुने विद्यार्थी बताउँछन्। ‘नेपालका निजी कलेजहरुमा सुनिल शर्मा र बसरुद्दिन अन्सारीले जे भन्यो त्यही हुने अवस्था छ,’ एक जना विद्यार्थीले भने ‘त्यसैले अब हामीलाई काठमाडौं विश्वविद्यालयले कुनै सरकारी कलेजमा सरुवा गरिदिएर पढ्ने वातावरण बनाइदिनु पर्छ।’

शिक्षा मन्त्रालय र चिकित्सा शिक्षा आयोगपछि प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेरै समस्या सुनाइसकेका विद्यार्थीले प्रधानमन्त्रीले आफ्नै अघि दिएको निर्देशन आयोगले पूरा नगरेको बताएका छन्। ‘हामीले माघ २७ मा  प्रधानमन्त्रीज्यूलाई भेटेर आफ्नो समस्या सुनायौं , उहाँले हाम्रै अघि आयोग उपाध्यक्ष डा.श्रीकृष्ण गिरीलाई फोन गरेर विद्यार्थीको माग पूरा गर्न भन्दिनुभयो,’ विद्यार्थी रिजालले भने ‘तर, अहिलेसम्म हाम्रो माग सुनवाइ भएको छैन। ’

उपाध्यक्ष गिरीलाई भेट्न जाँदा उनले नोवेलको सम्बन्धन नै खोसिदिने भन्दै विद्यार्थीलाई सुनाउने गरेका छन्। प्रधानमन्त्रीदेखि आयोगसम्मलाई दिएको निवेदनमा नोवेलका विद्यार्थीले नियम संगत तरिकाले पढ्न पाउने र कक्षा लिन पाउने अधिकारबाट बन्चित भएकोबारे ध्यानाकर्षण गराएका छन्। नोबलका गुन्डाहरूले प्रशासन कार्यालयमा पनि बैठक अवरूद्ध गर्ने र आफूहरुलाई धम्क्याउने गरिरहेको विद्यार्थीको भनाइ छ।

हरेक विद्यार्थीसँग विभिन्न बहानामा साढे चार लाखभन्दा बढी शुल्क असुल्न खोज्ने नोवेलले आन्दोलनकारी ८१ मध्ये १४ जना बाहेक सबैसँग अतिरिक्त शुल्क लिइसकेको छ। ‘कसैलाई डर देखाएर, कसैलाई लोभ्याएर अतिरिक्त शुल्क लिएको छ’, विद्यार्थीहरु भन्छन् ‘तर, शुल्क नबुझाउने हामी १४ जनालाई कक्षा पस्न पनि दिएको छैन।’ विद्यार्थी आन्दोलन चर्केपछि इन्टर्नसीप शुल्क नलिने बताएको कलेजले अन्य बहानामा असुली जारी राखेको बताइन्छ।

नोवेल कलेजका सञ्चालक सुनिल शर्मा र व्यवस्थापनका अन्य अधिकारीहरु भने विद्यार्थीहरुबारे कलेजले कुनै आग्रह नराखेको र अतिरिक्त शुल्क पनि नलिएको बताइरहेका छन्। विद्यार्थी आन्दोलन चलेका बेला सञ्चारमाध्यममा शर्माले अतिरिक्त शुल्क नलिने बताएका थिए। ‘राजनीति गर्नेहरुले अनेक बहानामा निहुँ खोजेका मात्रै हुन्,’ शर्माले भन्दै आएका छन् ‘विद्यार्थीलाई धम्क्याउने भन्ने कुरा गलत हो।’

विद्यार्थी र अभिभावक भने शर्माको दाबी हावादारी भएको बताउँछन्। ‘यतिका लामो तयारी गरेर लाखौं खर्चेर भर्ना भएका हामीले बहाना गर्नुपर्ने कारण छैन,’ उनीहरु भन्छन् ‘ हामीलाई थ्रेट भएरै सरुवाको माग गरेका हौं।’

### शान्ति...

मैले एउटा बाटो रोज्नु पर्‍यो,’ उनले भने, ‘के म ६ महिनासम्म मन्त्रीमण्डल विस्तार नगरी बस्न सक्छु ? तपाईहरुको सुन्दर कुरा सुनेर त हुँदैन थियो। त्यस अवस्थामा प्रदेश सरकारले कुनै पनि काम गर्न सक्ने अवस्था पनि हुँदैन थियो। त्यसकारण मैले एउटा कुरा रोजेको हो, यसलाई लुकाउनु पर्ने कुनै कारण छैन।’

मुख्यमन्त्री राईले मन्त्रालय विभाजनले कति खर्च बढाउँछ भन्ने विषयमा हिसाव किताब नगर्ने पनि बताए। ‘प्रदेश मन्त्रीमण्डल बढाउँदा कति हिसाव बढ्छ भनेर हिसाव चाहिं कसैले गरेको छैन, यत्रो प्रदेश सरकार चलाउने कुरामा २/४ रुपैयाँ खर्चको हिसाव गरेर बस्नु पनि हुँदैन,’ राईले भने, ‘यसले ४ रुपैयाँ खर्च गर्छ यसले २० रुपैयाँको काम गर्छ। अहिले यातायात व्यवस्था मन्त्रालयले हिंजो ३ अर्ब राजस्व संकलन गर्दैथियो अब ६ अर्ब उठाउँछ। त्यसो भएकोले यो कुरा व्यवहारको कुरा हो।’

हिँजोका प्रदेश सरकासँग काम गर्ने कुनै इच्छाशक्ति र सोचाई नभएका कारण मन्त्रीमण्डल विस्तार गर्न नसकेको बताउँदै राईले त्यसैलाई निरन्तरता दिनु उपयुक्त नभएको बताए। ‘भौतिक मन्त्रालयमा विकास बजेको आधाभन्दा बढी पैसा जान्थ्यो। जहाँ सडकको, भवनको, खेल मैदान बनाउने, खानेपानी सिंचाई, उर्जा यतिका काम एकैठाउँमा खाप्जे पार्दा खेरी छुट्याएको बजेट सम्पन्न गर्नका लागि सम्बन्धीत निकायलाई अप्ठ्यारो थियो,’ उनले थपे, ‘भगवानको पालामा त विष्णु, ब्रम्हा, सरस्वतीको छुट्टाछुट्टै काम हुन्थ्यो भने हामी मान्छेले त झन् कसरी सक्छौं।’

सामाजिकको काम, महिलाको काम बालबालिकाको काम, स्वास्थ्यको काम एउटै मन्त्रालयबाट सम्भव नभएका कारण कामको विशेषता अनुसार जिम्मेवारी दिन पनि केही मन्त्रालय विभाजन गरेको उनको दाबी थियो। मुख्यमन्त्री राईले दुई महिनाभित्र प्रदेशको नामाकरणको बारेमा छलफल हुने बताए।

नामाकरणमा सरकारको भूमिका समन्वयकारीमात्र रहने भन्दै उनले विगतमा वातावरण तयार नपार्दा छलफल हुन नसकेको बताए। ‘विगतमा विवादले नामाकरण रोकिएको होइन छलफल नबढाएर हो,’ मुख्यमन्त्री राईले भने। नामाकरणको प्रस्तावमा छलफललाई सहजीकरण गर्न सरकारले एकजना मन्त्रीलाई नै जिम्मेवारी तोकिसकेको जानकारी दिए।

‘पहिले नेकपासँग दुई तिहाई मत हुँदा प्रस्ताव अघि बढ्ने र पारित हुने सहज अवस्था थियो तर तात्कालीन सरकारले छलफलको वातावरणनै तयार बनाएन,’ मुख्यमन्त्री राईले भने ‘अहिले सरकारसँग पारित गर्न आवश्यक मत छैन तर हामी छलफलको वातावरण बनाउँछौं।’ मुख्यमन्त्री राइले सहमतिमा नामाकरण गर्ने अधिकतम प्रयास गर्ने बताए।

विषम् राजनीतिक परिवेशमा मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेको स्मरण गर्दै राईले अघिल्लो सरकारले सिर्जना गरेको आर्थिक खाडल कसरी पुर्ने भन्ने चिन्तामा रहेको बताए। ‘बहुवर्षे आयोजनाहरुको यतिधेरै दायित्व सिर्जना गरिएको छ कि ती योजनाहरुको सम्झौता अवधि समाप्त हुँदैछन् तर आर्थिक दायित्व पुरा गर्न सक्ने अवस्था छैन। बहुवर्षे आयोजनाहरुबाट २७ अर्बको आर्थिक दायित्व सिर्जना गरिएको र सम्झौता अवधि सकिनलाग्दासम्म २० प्रतिशतभन्दा बढी प्रगति भएको छैन, ’ उनले भने।

बहुवर्षे आयोजनाहरुबाट सिर्जना भएको दायित्व वहन गर्न, बिस्तार भएका मन्त्रालयहरुलाई बजेट विनियोजन गर्न र नयाँ कार्यक्रमहरु अघि बढाउन केन्द्र सरकारसँग समन्वय गरेर थप बजेटको प्रवन्ध गर्ने प्रयास सरकारले गरिरहेको मुख्यमन्त्री राईले जानकारी दिए। उनले १०-१५ दिनभित्रै बजेट पुनरावलोकन हुने पनि बताए।

कार्यक्रममा यातायात तथा संचारमन्त्री उपेन्द्रप्रसाद घिमिरेले यातायात कार्यालय र संचारसँग सम्बन्धीत क्षेत्रलाई व्यवस्थित गर्ने तयारी भइरहेको बताए। उनले यातायात कार्यालयबाट अहिले प्रदेश सरकारलाई २ अर्ब ४४ करोड बढी राजस्व प्राप्त भइरहेको बताउँदै आगामी दिनमा उक्त राजस्वलाई दोब्बर पार्नेगरी छलफल अगाडि बढेको बताए।

‘मन्त्रालय फुटाएर खर्च बढी भयो भन्ने विषयमा जे कल्पना गरेका थियौं। त्यो होइन रहेछ, यातायात कार्यालयले अहिले २ अर्ब ४४ करोड राजस्व उठाउँदो रहेछ,’ मन्त्री घिमिरेले भने, ‘आगामी आर्थिक वर्षमा यसलाई दोब्बर बनाउने काम गर्छौं।’

यातायात कार्यालयमा यसअघिको प्रदेश सरकारले लोभी, पापीलाई बोकेर सिण्डिकेट चलाएको आफूले पाएको मन्त्री घिमिरेले बताए। ‘यसअघिको सरकारले लोभ, पाप, मोह, क्रोध मात्रै देखायो। बा प्रवृत्ति र बाले भनेपछि भगवानले आशिर्वाद दिएजस्तो गर्न थालेपछि हामीले विद्रोह गर्‍यौं,’ उनले पार्टी विभाजन गरेको विषयलाई प्रष्ट पार्दै भने।

### सहकारी...

सहकारी सञ्चालक समितिका उपाध्यक्ष सर्वेलाल राजवंशीले लेखा परीक्षण प्रतिवेदनले सरकारीको ठुलो रकम भ्रष्टाचार भएको देखाएको बताए। लेखा परीक्षण प्रतिवेदनले अनियमितता पुष्टि गरेपछि सहकारीका तर्फबाट पनि छानबिन समिति बनाइएको थियो। धनपालथान-४ का वडाध्यक्ष रोशन राजवंशीको नेतृत्वको समितिले पनि हिनामिनामा संलग्न भएको राजवंशीको दाबी छ।

सविलालले १ करोड ११ लाख ६२ हजार र सह-लेखापाल राजकुमारले ७८ लाख १७ हजार चार सय २८ रूपैयाँ अनियमितता गरेको राजवंशीले बताए। लेखा परीक्षण प्रतिवेदन र छानबिनबाट अनियमितता भएको फेला परेपछि प्रहरीमा जाहेरी दिएको उनको भनाइ छ।

सहकारी २०३५ सालदेखि सञ्चालित छ भने त्यसमा ५१० सदस्य आवद्ध छन्। सहकारीका अध्यक्ष गुलावचन मण्डल धनपालथान ३ का वडाध्यक्ष पनि छन्। सहकारीका जिल्ला प्रतिनिधि बासु रायका अनुसार मिलका लागि धान तथा गहुँ खरिद, बालुवा र गिट्टी ढुवानी तथा सनपाट खरिद एवम् बिक्रीका क्रममा हिनामिना गरेको पाइएको छ। साथै बचतकर्ताको रकमसमेत आफूखुसी चलाएर फिर्ता नगरेको उनको भनाइ छ।

### ट्रायल...

ट्रायल सेन्टर सञ्चालक र कर्मचारीको मिलेमतोमा ट्रायल परिक्षामा ट्रायल सेन्टरकै सवारी प्रयोग गर्नुपर्ने बाध्यकारी नियम अघिल्लो सरकारले बनाएको थियो।

यसअघि दैनिक सयौं ट्रायल परीक्षा दिन जाँदा ट्रायल सेन्टरकै सवारी प्रयोग गर्नुपर्ने र त्यसको लागि शुल्क तिर्नुपर्ने व्यवस्था रहेको थियो।


